# उपाध्यक्ष श्री कृशला घिसिङ्द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७८/०७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य

## दोरम्बा गाउँपालिका

### टोकरपुर, रामेछाप

### बागमती प्रदेश, नेपाल

### २०७८

## १.१ परिचय

## श्रद्धेय सभाध्यक्षज्यू, सभा सदस्यज्यूहरु

१. विश्वभर फैलिरहेको दोस्रो लहरको कोभिड-१९ संक्रमणको वावजुत गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति, कार्यक्रम एवम् बजेट कार्यक्रममा उपस्थित सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

२. अघिल्लो आर्थिक वर्षको अन्तिम र आगामी आर्थिक वर्षको सुरु चरणमा विश्वव्यापी रुपमा फैलिरहेको नयाँ भेरियण्ट सहितको दोस्रो लहरको कोभिड-१९ संक्रमण तथा जोखिमबाट समग्र राष्ट्र नै आक्रान्त भएको अवस्थामा हाम्रो गाउँपालिका पनि अछुतो नरहेको विदितै छ । यसबाट संक्रमित भई उपचाररत सम्पूर्णको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै माहामारीको कारणबाट मृत्युवरण गर्नुहुने सम्पूर्ण दोरम्बा गाउँबासी लगायत सम्पूर्ण नेपालीहरुप्रति हार्दिक श्रद्धाञ्जली एवम् शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।

**३.** कोभिड-१९ माहामारीको वावजुत आज मिति २०७८/०३/१० गतेका दिन नेपालमा ऐतिहासिक गणतन्त्र प्राप्त पश्चात जारी नेपालको संविधान (२०७२) ले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय सरकारको रुपमा रहेको दोरम्बा गाउँपालिकाको नवौं गाउँसभामा आगामी आर्थिक वर्षको आय-व्ययको वक्तव्य यस गरिमामय सभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले उपस्थित भई प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेको छु ।

४. सर्वप्रथम, यो देशको ऐतिहासिक गणतन्त्र स्थापना गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको निर्माण गरी यो देश र जनतालाई स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै घाइतेजनहरुमा उच्च सम्मान प्रकट गर्दै स्वास्थ्य लाभको कामना गर्दछु । नेपालको राष्ट्रियता, अखण्डता, स्वाधिनता र गणतन्त्र प्राप्तिको संघर्षमा नेतृत्व र योगदान गर्नुहुने विर पुर्खाहरु तथा अग्रजनहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

५. कोभिड-१९ महामारीको दोस्रो लहरको जोखिमको अवस्थामा प्रत्येक नेपालीको जीवनरक्षालाई सरकारले सर्वोच्च प्राथमिकतामा राखी महामारीकै बीचमा पनि स्वास्थ्य सजगता अपनाउदै जनताका सामाजिक, आर्थिक, विकास निर्माण लगायतका क्षेत्रमा समृद्धि हासिल गर्न स्थानीय सरकारलाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याई एकताबद्ध रहेका गाउँबासी, राजनीतिक नेतृत्व लगायत सम्पूर्णलाई हृदय देखि नै आभार प्रकट गर्न चाहन्छु ।

६. यसै सिलसिलामा नेपाल सरकारले दशकौं देखिको निरन्तर प्रयासपश्चात लाखौं नेपालीलाई खानेपानी आपूर्ति गर्न मेलम्ची खानेपानी आयोजना सञ्चालन, सम्पूर्ण नेपालीको ऐतिहासिक चिनारी ढलेको धरहरा निर्माण लगायतका अन्य विविध कार्य सम्पन्नताका लागि नेपाल सरकार प्रति दोरम्बा गाउँपालिका उच्च सम्मानका साथ हार्दिक आभार प्रकट गर्दछ ।

७. नेपाल सरकारले लिएको "**समृद्ध नेपाल, सुखी नेपाली**" को परिकल्पना पूरा गर्नु संघीय सरकार, प्रदेश सरकारको साथ साथै स्थानीय सरकारको दायित्व आफैमा छ । यस परिकल्पना

पूरा गर्नका लागि गाउँपालिका हरपल लागिरहेको जानकारी यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु । नेपालको वर्तमान संविधानमा भएको व्यवस्था बमोजिम प्रत्येक स्थानीय तह एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ भन्ने उल्लेख गरे अनुसार नै यस गाउँपालिकाले पनि आफ्ना समग्र विकासका गतिविधि सञ्चालन गरी जनतालाई स्थानीय सरकारको आभाष दिलाउनु आफैंमा जटिल विषय रहेको भएतापनि गाउँपालिकाका समग्र जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासले चुनावी सभाहरुमा हामीबाट गरिएका प्रतिवद्धता पूरा गर्ने कार्यमा कुनै कसर बाँकी नराख्ने कुरा समेत पुनः स्मरण गराउन चाहन्छु ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

यस गाउँपालिका विशेष गरी प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा चिरपरिचित रहेको छ । यिनै प्राकृतिक तथा ऐतिहासिक महत्वको जगमा रहेर विकास निर्माणका कार्यहरु सञ्चालन गरी आम नागरिकलाई स्थानीय सरकारको आभाष दिलाउनु आफैंमा चुनौती पूर्ण कार्य रहेको भए तापनि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सिमित साधन स्रोत र गाउँपालिकाको न्यून आन्तरिक आयस्रोतको अधिकतम परिचालन गरी दिगो विकासको लक्ष्य हासिल गर्नु पर्नेछ ।

दोरम्बा गाउँपालिकाले यस क्षेत्रको समग्र विकास निर्माणका कार्यहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु ठोस रुपमा तयार गरी अगाडि बढ्नु जरुरी छ । जसका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, स्थानीय आम नागरिक सबैको गहन सहभागितामा प्रस्तुत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा पूर्ण सफल हुने आशाका साथ चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १.२. गाउँपालिकाको समग्र विश्लेषण

### १.२.१ सबल पक्ष

**अब म दोरम्बा गाउँपालिकाको सबल पक्षहरुको समिक्षा गर्न चाहन्छु ।**

१. गाउँपालिकाले गत आर्थिक वर्षमा नेपालको मूख्य राजमार्गका रुपमा परिचित मध्य पहाडी लोकमार्गसँग सडक जोडिने ८ मिटर चौडाई भएको चौरीखोला गुँरासे रिष्ठे बजार ढल तथा ग्राभेल सडक खण्ड करिब ३ किलोमिटर निर्माण सम्पन्न भएको छ । बाँकी सडक खण्ड यस आर्थिक वर्षमा निर्माण गरी छिट्टै नै दोरम्बा गाउँपालिका मूख्य राजमार्ग मध्यपहाडी लोकमार्गसँग जोडिने अपेक्षा राखेको छु ।

२. गाउँपालिको अर्न्तगत रहेका गौरवका योजनाहरुमध्ये भोटनागी निगलबास सडक ८ मिटर चौडा बनाई स्तरोन्नती, बृहत शैलुङ खानेपानी योजना, शैलुङ खानेपानी योजना, दोरम्बा बजार व्यवस्थापन लगायतका महत्वपूर्ण पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ ।

३. एक गाउँ एक अस्पताललाई आत्मसाथ गर्दै दोरम्बा प्राथमिक अस्पताल सञ्चालनमा आएको छ । साथै प्राथमिक अस्पतालको पक्की भवन निर्माण प्रक्रिया सुरु भएको छ ।

४. दिगो तथा प्रभावकारी स्वास्थ्य सेवाको पहुँचको पहिलो चरणका रुपमा रहेको संस्थागत सुत्केरी हुने संख्यामा उल्लेखनीय वृद्धि भएको छ ।

५. स्वास्थ्य सेवाको प्रभावकारीता अभिवृद्धि गर्दै सहज स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्न गौश्वारा स्वास्थ्य चौकी, डडुवा स्वास्थ्य चौकीको सुविधा सम्पन्न पूर्वाधार निर्माण सुरु, रिष्ठे र गुन्साल आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्पन्न भई स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति व्यवस्थापन भएको छ ।

६.गाउँपालिकाबाट वितरण गरिने सम्पूर्ण प्रकारका सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट वितरण गर्ने कार्यलाई पूर्ण रुपमा लागु गरिएको छ । साथै अपाङ्गता भएका र अशक्त जेष्ठ नागरिक, बैकिङ्ग सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरुलाई वडागत रुपमा बैङ्गसँगको सहकार्यमा स्थलगत रुपमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

७. गाउँपालिकाका सम्पूर्ण वडाहरुबाट साविकमा भएका घटनादर्ताहरुको डिजिटाईजेशन कार्य सम्पन्न गरी सबै वडाहरुमा अनलाईन घटना दर्ता प्रणाली पूर्ण रुपमा लागु भएको छ ।

८. गाउँपालिकाको मूख्य आयस्रोतको सम्भावना रहेको कृषि उत्पादनमा आत्मनिर्भर बनाउनका लागि प्रविधिमैत्री कृषि क्षेत्र तथा कृषि आधुनिकरणलाई टेवा पुऱ्याउनका लागि कृषकहरुलाई ५० प्रतिशत अनुदानमा ट्याक्टर, टनेल, धान गहुँ कुट्ने मेसिन वितरण गरियो । साथै तरकारी विउ विजन र बिषादी निःशुल्क वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

९. गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट प्रवाह गरिने सम्पूर्ण सार्वजनिक सेवा प्रवाह सर्वसुलभ बनाउनका लागि सबै वडा कार्यालयहरुको भवन निर्माण सम्पन्न भई आफ्नै भवनमा आवश्यक कर्मचारीको व्यवस्थापनबाट सेवा प्रवाह चुस्तदुरुस्त भएको छ ।

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सहितको समानुपातिक र दिगो विकासको मुख्य आधारका रुपमा रहेको सामाजिक विकासतर्फ समाजमा सामाजिक, आर्थिक लगायत निर्णय गर्ने तहमा वञ्चितिकरणमा परेका लक्षित वर्गका लागि विनियोजित बजेट तथा कार्यक्रमअन्तर्गतको सातै वडामा स्थलगत रुपमा अपाङ्गता परिचयपत्र वितरण शिविर, जेष्ठ नागरिक सम्मान लगायतका कार्यक्रम सम्पन्न गरी बस्तीस्तरमा स्थानीय सरकारको उपस्थितिको आभाष दिलाउन सफल भएको छ ।

११. शिक्षामा सबैको समता र समानतामूलक सहभागीताका लागि प्रभावकारी शैक्षिक कार्यक्रमहरु सञ्चालन भएको छ ।

## १.२.१. कमजोर पक्ष

१. विश्वभरी माहामारीको रुपमा व्याप्त नयाँ भेरियण्टसहितको नोबेल कोरोना भाइरसको संक्रमण बस्तीस्तरमा फैलिएको कारणले गाउँपालिकाले राखिएका केही कार्यक्रमहरु समय अवधि भित्र सम्पन्न गर्न कठिनाइ भएको छ ।

२. रामेछाप जिल्लामै भौगोलिक रुपमा दुर्गममा अवस्थित यस गाउँपालिकाको आन्तरिक आयस्रोत न्यून भएको कारणले गर्दा जनआंकाक्षा अनुरुपको गौरवका ठूला प्रकृतिका विकास निर्माणका कार्यहरु गर्न सकिएको छैन ।

३. भौगोलिक अवस्थिति लगायतका विविध कारणले गर्दा गाउँपालिकाले अपेक्षित रुपमा राजस्व संकलन गर्न सकिएको छैन ।

## १.३. वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

**सभाध्यक्षज्यू**

यस गाउँपालिकाको वार्षिक, नीति तथा कार्यक्रम तर्जुमाका लागि देहायका पद्धतिहरु अवलम्बन गरिएको छ ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वितिय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका प्रावधानहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा सङ्कट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## १.४. आयोजना प्राथमिकीकरणका आधारहरु

यस गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ का लागि योजना तथा कार्यक्रम छनौट गर्दा तपसिलमा उल्लेखित आधारहरुलाई लिई छनौट तथा प्राथमिकीकरण गरेको छ ।

- आर्थिक विकास गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने ।)
- राजश्व परिचालनमा योगदान पुऱ्याउने ।
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- लैङ्गिक समानता, सामाजिक समावेशिकरणको अभिवृद्धि हुने ।
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान हुने ।
- कोभिड १९ को प्रभावबाट प्रभावित स्थानिय अर्थतन्त्रलाई पुनरुत्थान गर्ने ।
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।
- संविधानले दिशानिर्देश गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु बमोजिम स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने ।
- समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसंख्यक, सीमान्तकृत, अशक्त र असहायहरुको सशक्तिकरण गर्न स्थानीय तहलाई विकासको मूलप्रवाहमा ल्याउन उपयोग गर्नुपर्ने ।
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने ।
- स्थानीय तहले आवश्यक देखेको अन्य विषयहरु ।

**नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त बजेट सिलिङ सम्बन्धी पत्रमा उल्लेख सर्त तथा निर्देशन अनुसारका आयोजना तथा कार्यक्रम प्राथामिकताका आधारहरु :–**

- आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी कार्य,
- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्य,
- कृषि तथा पशुपालन, कृषि व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,
- स्थानीय खानेपानी सम्बन्धी नीति, योजना कार्यान्वयन र नियमन एवम् खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,
- सामुदायिक भूसंरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यबस्थापन सम्बन्धी कार्य,
- खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
- स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,
- कोभिड-१९ को संक्रमण जोखिम कायमै रहेकोले सोका रोकथाम र नियन्त्रणका लागि पूर्वतयारीमा गर्नुपर्ने क्वारेन्टिन लगायतका अत्यावश्यक सेवाहरुलाई निरन्तरता दिने,

- स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता बीचको वित्तीय अन्तर परिपूर्ति गर्नमा प्रयोग गर्नुपर्ने,
- सरकारी सेवाहरु न्यूनतम र समतामूलक रुपमा नागरिकहरुलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरु उपलब्ध गराउन उपयोग गर्नुपर्ने,
- राष्ट्रिय मापदण्ड र राष्ट्रिय लक्ष्य बमोजिम काम कारबाहीहरु सम्पादन गर्नका लागि उपयोग गर्नुपर्ने,
- नतिजामूलक र उद्देश्यपरक ढङ्गले तोकिएको कार्यमा खर्च गर्नुपर्ने,
- सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासका क्षेत्रमा उपयोग गर्नुपर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## २. आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम

### २.१ सोंच

**"कृषि र पर्यटनमा मुख्य सुधार, दोरम्बा गाउँपालिका समृद्धिको मूल आधार"** भन्ने नारालाई यर्थाथतामा ल्याई समृद्ध दोरम्बा निर्माण गर्ने ।

### २.२ लक्ष्य

पर्यटन, कृषिमा आधुनिकीकरण, शिक्षा र स्वास्थ्यमा सबैको पहुँच, दिगो भौतिक पूर्वाधारको विकास, दिगो समावेशी, समानुपातिक विकास र स्वरोजगारमूलक कार्यक्रमलाई सँगसँगै लैजाने र गाउँपालिकाका सबै वडाका सडकहरुको स्तरोन्नती गर्दै दीर्घकालिन सडक सञ्जाल निर्माण गरी कृषि क्षेत्रमा व्यवसायीकरण, बजारीकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दिगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउनु ।

### २.३ उद्धेश्य

**यस बजेटका उद्धेश्यहरु निम्नानुसार लिइएको छ ।**

१) दिर्घकालिन भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी गरिबी न्यूनकरणमा जोड दिने ।

२) दिगो आर्थिक श्रोत अभिवृद्धि गर्दै वित्तिय आत्मनिर्भरता बढाउनेतर्फ विशेष पहल गर्ने ।

३) जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारीरिक अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।

४) पर्यटकीय गन्तव्यहरुको विकास, प्रवर्द्धन गरी पर्यटन व्यवसायमा जोड दिने ।

५) शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार गरी दक्ष जनशक्तिको निर्माण गर्ने र स्वास्थ्य सेवामा सबैको पहुँच सूनिश्चित गर्ने ।

६) प्राविधिक शिक्षा प्रणाली लागु गरी दक्ष जनशक्तिको उत्पादन गर्ने ।

३. **अपेक्षित उपलब्धी**

**सभाध्यक्षज्यू**

अब म आगामी वर्ष २०७८/७९ को वार्षिक बजेटले तपसिलमा उल्लेखित उपलब्धि हासिल हुने देखि यो गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**३.१ पूर्वाधार विकासतर्फ**

- राजमार्गबाट प्रत्येक वडा केन्द्र जोड्ने सडक स्तरोन्नती भएको हुनेछ ।
- खानेपानी समस्या परेको समुदायको घर घरमा स्वच्छ खानेपानी सुविधा भएको हुनेछ ।
- पूर्ण सरसफाई युक्त समुदाय (प्रत्येक घरमा शौचालय, फोहोर व्यवस्थापन) भएको हुनेछ ।
- स्थानीय, कला र संस्कृति प्रवर्द्धन गर्दै आर्थिक उपार्जन वृद्धि भएको हुनेछ ।
- समतामूलक र सामाजिक सद्भावपूर्ण विकास भएको समुदाय हुनेछ ।

**३.२ आर्थिक विकासतर्फ**

- आन्तरिक तथा बाह्य पर्यटन विकास गरी समुदायको आम्दानीस्तर वृद्धि भएको हुनेछ ।
- आधुनिक कृषि प्रणाली विकास गर्न युवाको सहभागिता र कृषि उपजलाई सहज रुपमा बजारीकरण भएको हुनेछ ।
- साना उद्योग तथा व्यवसाय वृद्धि भएको हुनेछ ।
- सहकारीमार्फत उत्पादन क्षेत्रमा लगानी वृद्धि भएको हुनेछ ।
- कृषि क्षेत्रलाई प्रवर्द्धन गरी कृषि उत्पादन अभिवृद्धि गर्न अनुदानका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।

**३.३ सामाजिक विकासतर्फ**

- सबै बालबालिका विद्यालयमा भर्ना भएको, बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाई स्तर सुधार भएको हुनेछ ।
- सहज माध्यमिक तथा उच्च शिक्षा र कृषि तथा प्राविधिक शिक्षा प्रवर्द्धन भएको हुनेछ ।
- कोभिड १९ को संक्रमणलाई मध्यनजर गर्दै प्रभावकारी वैकल्पिक प्रणालीमार्फत् सिकाइ सहजीकरण भएको हुनेछ ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको हुनेछ ।

- कृषि उत्पादन वृद्धि गर्ने साना सिंचाई सुविधा प्राप्त गरेको हुनेछ ।
- विद्युतीकरण र वैकल्पिक उर्जा प्रवर्द्धन भएको हुनेछ ।

### ३.४ वन वातावरण तथा विपद व्यवस्थापनतर्फ

- वनजङ्गल संरक्षण गर्दै बहुमूल्य जडिबुटी उत्पादनका लागि आवश्यक अध्ययन तथा अनुसन्धारन गरी उत्पादन तथा बजारीकरणको व्यबस्था हुनेछ ।
- उत्पादनमूलक भूसंरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रण भएको हुनेछ ।
- समुदायमा विपद व्यवस्थापन तथा पूर्व तयारी योजना, ज्ञान तथा सीप विकास भएको हुनेछ ।
- पूर्ण सरसफाईयुक्त दोरम्बा गाउँपालिका निर्माण तथा घोषण गरिनेछ ।

### ३.५ संस्थागत क्षमता विकास तथा वित्तिय सुशासन तर्फ

- तोकिएको समय अवधिमा अनलाईलन मार्फत घटना दर्ता भएको हुनेछ ।
- स्थानीय सरकारको सेवा प्रवाह पारदर्शी तथा जवाफदेही भएको हुनेछ ।
- वित्तिय सुशासन कायम गर्नमा थप योगदान पुऱ्याएको हुनेछ ।

**सभाध्यक्षज्यू**

अव म क्षेत्रगत विषयतर्फ विनियोजन गरिएको रकमको केही संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**१. आर्थिक विकासतर्फ**

यस गाउँपालिकाको पशुसेवा शाखाबाट पशुसेवा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि ५० प्रतिशत अनुदानमा विविध कार्यक्रम सञ्चालन गर्नेगरी रु ९६ लाख विनियोजन गरेको छु । जसमा कृषकहरुलाई व्यवसायिक तवरले पशु व्यवसाय संचालन गर्ने तर्फ कृषकलाई उत्प्रेरित गर्ने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ । कृषि तर्फ अनुदानमा आधारित आधुनिक कृषि औजार उपकरण वितरण, विउ विजन वितरण, हिउदे र वर्षे फलफुल विरुवा वितरण पकेट क्षेत्र विस्तार लगायतका कार्यक्रमका लागि रु १ करोड रकम विनियोजन गरेको छु ।

**२. सामाजिक विकासतर्फ**

यस गाउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार ल्याउन नियमित रुपमा विद्यार्थीकरुका लागि गाउपालिकास्तरीय विविध अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न तथा कोभिड १९ महामारी लगायतलाई मध्यनजर गरी बैकल्पिक शिक्षण सिकाईको व्यबस्थापन, शिक्षक र विद्यालयका कर्मचारीहरुको सेवा सुविधा लगायतका कार्यहरुका लागि रु २ करोड ८९ लाख रकम विनियोजन गरेकी छु ।

स्वास्थ्य सेवाको प्रभावकारी व्यबस्थापन गरी विविध कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य क्षेत्रमा १ करोड बीस लाख विनियोजजन गरेको छु ।

**३. पुर्वाधार विकासतर्फ**

गाउपालिकाको सिमित आन्तरिक श्रोत रहेको र केन्द्र एवं प्रदेश सरकारवाट प्राप्त सिमित स्रोतवाट जनताका असिमित चाहाना पुरा गर्नु आफैमा जटिल विषय छ । आम जनताका वस्ती स्तर र वडा भेलावाट आएका मागहरु क्षमता विकास भन्दा पनि सडक निर्माणमा मात्र सिमित देखिएकोले पुर्वाधार क्षेत्रमा संघिय सरकार र प्रदेश सरकार सशर्त बाहेक करिव ८ करोड ८० लाख रकम विनियोजन  गरेको छु ।

**४. वन वातावरण तथा विपद व्यवस्थापनतर्फ**

भौगोलिक रुपमा विषम भुगोल रहेको र भुक्षयतर्फ विभिन्न समस्याहरु विद्यमान रहेका कारण यस विषयगत क्षेत्रमा ५० लाख रकम विनियोजन विनियोजन गरेको छु ।

**५. क्षमता विकास,सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन**

गाउपालिकाको कार्यालय र वडा कार्यालयवाट प्रवाह हुने सेवा सुविधा को गुणस्तर नै हाम्रो उपलब्धिका सुचक हुन । सेवा प्रवाहलाई आम नागरिकमैत्री वनाउनका लागि गाउपालिका र वडा कार्यालयहरुवाट घटना दर्ताका क्रियाकलाप अनलाईन प्रणालीवाट गर्न, कार्यपालिकाको कार्यालयमा नागरिक वडापत्रको व्यबस्था लगायतका कार्य गर्न न्यायीक समिती समेत गरी चालु खर्च बाहेक रु ५८ लाख ६ हजार व्यबस्था गरेको छु ।

कार्यरत कर्मचारीहरुको कार्य प्रभावकारिता अभिबृद्धी गर्न प्रोत्साहन स्वरुप गाउपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई दैनिक खाजा वापत रु १०० व्यबस्था गरेको छु ।

आम उपभोक्ताहरुलाई योजना तथा कार्यक्रम संचालन सम्वन्धी कानुनी जानकारीका अभावमा विगतका वर्षमा संचालित योजनाहरुमा वेरुजु देखिएको सर्न्दभलाई मध्यनजर गरि वडास्तरमा उपभोक्ता समितिहरु गठन भएपश्चात उपभोक्ता समितिहरुलाई अनुशिक्षण गर्ने कार्यलाइ समेत प्राथमिकता दिएको छु ।

**सभाध्यक्षज्यू**

आम नागरिकहरुको सेवा सुविधाका लागि अहोरात्र खटिरहेका छौ तर हामीले गरेका काम कारवाहीको जानकारी पर्याप्त पुर्याउन नसक्दा केही गुनासोका आवास समेत सुन्न आएको छ । जसलाई न्युनीकरण गर्नका लागि आगामी वर्ष यस गाउँपालिकाको ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र विकासात्मक गतिविधिहरुलाई प्रभावकारी बनाउने नीतिगत व्यबस्थलाई जोड गरेकी छु ।

**श्रद्धेय सभाअध्यक्षज्यू,सभा सदस्यज्यूहरु**

अव म आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु । दोरम्बा गाउँपालिकाको आगामी वर्षका लागि आय तर्फ संघीय सरकारवाट वित्तिय समानीकरणतर्फ रु १२ करोड ७३ लाख, राजश्व वाडफाडवाट रु ७ करोड ४७ लाख ९० हजार, संघिय सरकार सशर्त अनुदान २० करोड ५९ लाख, प्रदेश सरकार वाट प्राप्त वित्तिय समानीकरणतर्फ रु १ करोड ६४ लाख ४८ हजार, प्रदेश सरकार सशर्त तर्फ रु १करोड १० लाख ५७ हजार, सामाजिक सुरक्षा तर्फ रु ९ करोड ५० लाख, प्रदेश सरकार समपुरककाट प्राप्त रकम रु २ करोड ९९ लाख ९७ हजार, चालु आ.व.मा खर्च नभई वाकी रहेको रकम करीव रु ३ करोड,

प्रदेश सरकार वाट प्राप्त हुने सवारी साधन कर वापत रु २ करोड २६ लाख ८२ हजार १ सय त्रिपन्न रुपैया बीस पैसा, प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रमका लागि ३ लाख ८२ हजार र आन्तरिक आय रु ३० लाख गरी कुल रकम रु ६२ करोड ८३ लाख ५६ हजार १ सय ५३ रुपैया बीस पैसा हुने अनुमान गरेको छु । विनियोजन तर्फ चालुमा रु १६ करोड ९७ लाख ९० हजार र पुँजीगतमा रु ४५ करोड ८५ लाख ६६ हजार १ सय त्रिपन्न बीस पैसा रकम विनियोजन गरेकी छु । चालुतर्फ विनियोजित रकममा सेवा प्रवाह, तलव भत्ता लगायतका, सामाजिक सुरक्षा भत्ता वितरण, शिक्षक तलबका लागि विनियोजन गरिएको छ । पुँजीगत रकममा आर्थिक विकासमा रु १ करोड ९६ लाख । सामाजिक विकासमा रु ४ करोड ९० लाख । पूर्वाधार विकासमा रु ६,१७,१९,०००। वन वातावरण तथा विपद व्यवस्थापनमा रु १ करोड । संस्थागत विकास तथा वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्युनीकरण र सुशासनमा न्यायीक समिति समेत रु ५८ लाख ६ हजार । लागत साझेदारी ३ करोड र जगेडा कोषमा रहेको रु १ करोडवाट गाउँपालिकाको गौरवका आयोजना संचालन गर्ने लक्ष्य राखी रकम विनियोजन गरी कुल रकम रु ६२,८३,५६,१५३।२० गाउँपालिकाको सञ्चित कोषवाट खर्च गर्ने गरी विनियोजन गरेको जानकारी गराउछु ।

**सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु**

**अन्त्यमा,**

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने श्रदेय गाउँपालिका अध्यक्षज्यू, विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गर्न सहयोग गर्नुहुने सर्वपक्षीय भेला, टोल सुधार समिति, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू एवं सवै कर्मचारी मित्रहरु प्रति सुझावका लागि आभारी छु । आमागी बर्षको यो बजेट कार्यान्वयमा सवै पक्षको सहयोग रहने अपेक्षा गरेको छु । साथै गाउँपालिका भित्र वा वाहिर रहनु भएका सवै स्थानीय आमा बुवा दाजु भाई दिदि वहिनी, सवै पेशा वर्ग र क्षेत्रमा आवद्ध आम जनसमुदायमा समृद्ध दोरम्बा निर्माणको यस महान अभियानमा साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

**धन्यवाद**

**श्री कृशला घिसिङ**

**उपाध्यक्ष**